# भोजपुर जिल्ला अदालत

## भोजपुर

फोन नं ०२९४२०१९५, ४२०७११
**Email:** info.dcbhojpur@supremecourt.gov.np
Website : supremecourt.gov.np

पत्र संख्याः २०७७/०७८
चलानी नंः .

मिति २०७७/०७/२८

**विषयः- सूचना! सूचना !! सूचना !!!**

शुभदिपावली २०७७ को उपलक्ष्यमा यही कार्तिक २९ गते लक्ष्मीपुजाको दिन देखि मंशिर २ गते भाईटिकाको भोलिपल्ट सम्म अदालत बन्द रहने हुँदा न्याय प्रशासन ऐन, २०७३ को दफा २६ बमोजिम सो अवधिमा पर्ने शनिवारका दिन बाहेक अन्य दिनमा बन्दीप्रत्यक्षीकरणको रिट निवेदन दर्ता गरी सुनुवाई गर्ने प्रयोजनको लागी दिनको ११.०० बजे देखि अपरान्ह ३.०० बजे सम्म अदालत खुल्ला रहने र मुलुकी फौजदारी कार्यविधि संहिता २०७४ को दफा ९ बमोजिम पक्राउ पुर्जी जारी गर्ने र अनुमति प्रदान गर्ने प्रयोजनको लागि समेत अदालत खुल्ला रहने बेहोरा सम्वन्धित सवैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

.....................
(विष्णुप्रसाद दाहाल)
नि. सेस्तेदार

नि. सेस्तेदार

# भोजपुर जिल्ला अदालत

भोजपुर

प्रशासन शाखा

फोन नं ०२९४२०१९५, ४२०७११
Email: info.dcbhojpur@supremecourt.gov.np
Website : supremecourt.gov.np


पत्र संख्याः २०७७/०७८
चलानी नंः .

मिति २०७७/०७/२६

विषयः- **सूचना! सूचना !! सूचना !!!**

विश्वभरी महामारीको रुपमा फैलिएको नोवल कोरोना भाइरस (covide-19) को संक्रमण नेपालमा समेत कायमै रहेको भएता पनि नेपाल सरकारले मिति २०७७/०६/०१ गते देखि बन्दाबन्दी खुल्ला गरि सार्वजनिक यातायातसमेत खुल्ला गरे सगै मिति २०७७/०६/०१ गते देखि सार्वजनिक यातायात चल्न थालेकोले यस अदालतको विभिन्न मितिको निर्णय एवं सूचनाबमोजिम स्थगित हुदै आएको मुद्दाको सुनुवाई सम्वन्धी काम कारवाही बन्दाबन्दी खुल्ला भएको मिति २०७७/०६/०१ गते देखि नै नियमित रुपमा हुन थालेको भएता पनि यस अदालतको मिति २०७७/४/२९ गतेको सूचना बमोजिम साक्षी बकपत्रको कार्य स्थगित भई हालसम्म साक्षी बकपत्रको कार्य खुल्ला नभएकोले यस अदालतको मिति २०७७/०४/२९ गतेको सूचनाबमोजिम स्थगित गरिएको सम्पुर्ण मुद्दाहरुमा साक्षी बकपत्रको कार्य मिति २०७७/०८/०३ गते देखि खुल्ला गर्ने भनी आजै मिति २०७७/०७/२६ गते अदालत, सरकारी वकिल र वारका प्रतिनिधि कानून व्यवसायीहरु बिचमा बसेको बैठकबाट निर्णय भएको हुंदा यस अदालतको मिति २०७७/०४/२९ गतेको सूचनाबमोजिम स्थगित भएको साक्षी बकपत्रको कार्य मिति २०७७/०८/०३ गते देखि संचालन गर्ने गरि खुल्ला गरिएको बेहोरा सम्वन्धित सरोकारवाला सवैको जानकारीको लागि यो सूचनां प्रकाशित गरिएको छ।

..........................

(विष्णुप्रसाद दाहाल)

नि. श्रेस्तेदार